प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ललितपुर

बागमती प्रदेश

सूचना नं. ०९/२०७७/७८

## सौर्य सिंचाईको प्रस्ताव माग पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२२

कृषि ज्ञान केन्द्र, ललितपुरको आ.ब. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार सौर्य सिंचाई कार्यक्रम साझेदारीमा संचालन गर्नुपर्ने भएको हुदा काठमाडौं, ललितपुर र भक्तपुर अन्तर्गतका कृषक/कृषक समुह/सहकारी/निजि फर्महरुले सिंचाई कार्यक्रम संचालन कार्यबिधि २०७६ को अनुसुची - २ अनुसारको कागजात संलग्न राखि अनुसूची - ३ अनुसारको आबेदन फाराम भरि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०७७/११/२१ गते कार्यालय समयभित्र) कृषि ज्ञान केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आबेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

**क) ब्यक्तिगत वा सामुहिक उपभोक्ताको लागिः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. लालपुर्जाको प्रतिलिपि, करारनामाको प्रतिलिपि ।

३. आफुले भाडामा जग्गा लिई खेती गरिरहेको भएमा न्यूनतम १० बर्षको लागि भाडामा लिएको सम्झौता पत्रको प्रमाण ।

४. सामुहिक सिंचाई योजनाको लागि ब्यक्तिगत उपभोक्ताहरु सबैको संयुक्त निबेदन ।

५. स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको ब्यहोरा सहितको सिफारिस पत्र ।

**ख) संस्थागत/नीजि फर्मको लागिः**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

२. संस्थाको नबिकरण गर्नुपर्ने अबस्थामा नबिकरणको प्रमाणपत्रको प्रतिलिपी ।

३. संस्थाको स्थायी लेखा नम्बर ।

४. संस्थाको बैठकबाट योजना माग गर्न गरिएको निर्माण प्रतिलिपी ।

५. संस्थाको तर्फबाट निबेदन दिने पदाधिकारीलाई प्रदान गरिएको अख्तियारी पत्र ।

६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति ।

७. लालपुर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी ।

८. ऐलानी जग्गाको हकमा स्थानीय तहलाई शुल्क बुझाएको प्रमाणको प्रतिलिपी र स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको ब्यहोरा सहितको पत्र ।

कृष्णभद्र अधिकारी
प्रमुख